# बरहथवा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

## बरहथवा, सर्लाही
## मधेश प्रदेश, नेपाल

# आर्थिक वर्ष २०८०/०८१ को
# नीति, कार्यक्रम तथा बजेट

फोन नं. +९७७ (०४६) ५४०३१०
इमेल ठेगाना: barahathawamun@gmail.com
वेव साइट: barhathwamun.gov.np

**बरहथवा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बरहथवा, सर्लाही**
**मधेश प्रदेश, नेपाल**

# आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति

## वार्षिक नीति कार्यक्रमका आधारहरु

१. नेपालको संविधान २०७२, धारा ४ बमोजिम मार्गनिर्देशक सिद्धान्त तथा नीतिहरु ।
२. नेपाल सरकारबाट जारी भएको पन्धौं योजना र प्रदेश सरकारबाट जारी गरिएको पहिलो आवधिक योजना ।
३. नेपाल सरकारले प्रतिवद्धता गरेका विभिन्न प्रतिज्ञाहरु, दिगो विकासका लक्ष्यहरु
४. संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त निर्देशन तथा परिपत्रहरु ।
५. चुनावी घोषण पत्र
६. बरहथवा नगरपालिका, नगर कार्यपालिकाको बैठक र नगर सभाबाट जारी गरिएका ऐन, नियम, कार्यविधि निर्देशिकाहरु
७. स्थानीय, मजदुर, किसान, समाजसेवी, बुद्धिजीवि, शिक्षा प्रेमी, उद्योगी, ब्यापारी, गरीब तथा सीमान्तकृत समुदाय लगायत सहयोगी संघ संस्थाहरुबाट संकलन गरिएका सुझावहरु ।
८. वडा स्तरीय गाँउ टोल, बस्ती-बस्तीहरुबाट संकलित योजना तथा कार्यक्रमहरु ।

## वार्षिक नीति तथा कार्यक्रमका उद्देश्यहरु

१. जनताको माग र नगरपालिकाबाट प्रवाह हुने सेवामा एकरुपता ल्याउने ।
२. नीति, कार्यक्रम तथा बजेट वीचको सामञ्जस्यता कायम गरी नगर भित्रको सार्वजनिक सेवा प्रवाहलाई चुस्त, जवाफदेही, पारदर्शी र सेवाग्राही मैत्री बनाई सुशासन प्रवर्द्धनमा टेवा पुर्याउने ।
३. स्थानीय सरकारबाट प्रदान गरिने स्वास्थ्य, शिक्षा, कृषि, रोजगार प्रर्वद्धन, पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन जस्ता विकासका अवसरहरुमा गरिब, सीमान्तकृत तथा बञ्चित वर्ग र समुदायको सहभागिता सुनिश्चित गर्ने र विकासको लाभांशलाई समन्यायिक ढंगले वितरण गरी समतामुलक समाजको स्थापनामा परिलक्षित हुने ।
४. भूमिहिन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोवासीको व्यवस्थापन गर्नुको साथै ऐलानी, पर्ती, सार्वजनिक जग्गा व्यवस्थापन गर्ने कार्य विशेष प्राथमिकताका साथ अगाडि बढाउने ।

## विषयगत क्षेत्र अनुसार प्राथमिकतामा परेका मुख्य नीतिहरु

➢ ***"उत्पादन मूलक कार्यका लागि प्रोत्साहन, स्थानीय कच्चा पदार्थमा आरित उद्योग व्यावसाय संचालन"* मूल नाराका साथ आर्थिक विकास सम्बन्धि नीतिहरु**

१. चालु आ.व.मा निर्माण कार्य सम्पन्न भएको तरकारी बजार सेडमा कडाइका साथ तरकारी बजार संचालन र व्यवस्थापन गर्ने,
२. चालु आ.व.मा निर्माण कार्य प्रारम्भ भएको माछा मासु बजारलाई पूर्ण व्यवस्थित गरी गरीब तथा सीमान्तकृत समुदायका साना ब्यावसायिहरुलाई सहुलियत दरमा सटर पसलहरु उपलब्ध गराई आय आर्जनमा सहयोग गर्ने,

३. हालको रेडिमेड (हङ्गकङ्ग) बजारलाई काठमाण्डौको भृकुटी मण्डप जस्तो प्रकृतिको भवन निर्माण गरि त्यहाँ व्यापार गरिरहेका स साथा व्यापारिहरुलाई सहुलियत भाडा दरमा व्यापारिक भवन उपलब्ध गराउने,
४. हालको प्रचुन बजारमा व्यापार गरिरहेका स साना उद्यमी व्यापारीहरुका लागि सोहि स्थानमा नयाँ भवन समरचना बनाई सहुलियत दरमा हस्तान्त्रण गर्ने,
५. चालु आ.व.मा लिइएको नीति अनुसार निर्माण कार्य सम्पन्न भएका बजार क्षेत्रका युरिनल सहितको लैङ्गीक मैत्री शौचालय थप व्यवस्थित गरी निरनतर संचालनमा जोड दिने,
६. यस नगरपालिका क्षेत्र भित्रका सबै वाडाका कृषकहरुलाई लक्षित गरी प्रत्येक खेत सम्म सिंचाँइ सुविधा पुर्याउन कृषि विद्युतिकरण, डिप बोडिङ्ग, सौर्य उर्जा सिंचाइ प्रविधिको विकास कार्यलाई उच्च प्राथमिकताका साथ अगाडी बढाइनेछ ।
७. स्थानीय उत्पादन मकैबाट पशु आहार तथा कुखुरा दाना उत्पादन उद्योग पब्लीक, प्राइवेट पाटनरसीप मोडेलमा संचालन गरिनेछ ।
८. बरहथवा नगरपालिका अन्तर्गतका किसानहरु द्वारा आर्गेनिक तरकारी खेती, बैज्ञानिक कृषि प्रणली प्रवर्द्धन गर्न तालीम तथा अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।
९. थोरै जमीन भएका कृषकहरुलाई विशेष अनुदानको व्यवस्था गरी व्यावसायिक खेती तर्फ आकर्षित गरिनेछ ।
१०. श्री सरस्वती मा.वि. हजरियाको नाममा नम्बरी दर्ता कायम रहेको जग्गामा (सीतभण्डार) कोल्डस्टोर निर्माण कार्यका लागि पेश गरिएको प्रस्तापना स्वीकृत गराई निर्माण कार्यको प्रारम्भ आगामी आ.व. २०८०।०८१ मा प्रारम्भ गर्न पहल गर्ने,
११. किसानहरुको कृषिजन्य उत्पादनलाई सुरक्षित गर्न कृषि विमा कार्यक्रम संचालन गरिनेछ ।
१२. उन्नत पशुपालन, पशु विमा, गोठ तथा भकारो सुधार जस्ता कार्यक्रमहरु निरन्तर सञ्चालनमा विशेष पहल गरिनेछ ।
१३. पशु विकास फर्म तथा व्यावसायलाई थप सेवा र टेवा पुर्याइनेछ । पशु स्वास्थ्य सिविर र पशु मेला कार्यक्रम संचालन गरिनेछ ।
१४. कृषि पकेट क्षेत्रलाई आधार लिई आलु, मकै, तरकारी र खाद्यान्न उत्पादन तथा माछा पालन व्यवसायलाई प्रोत्साहन गरिनेछ ।
१५. दुध, तरकारी, आलु, मकै उत्पादन गर्ने किसानलाई विशेष अनुदानको व्यवस्था मिलाई बरहथवालाई कृषि पर्यटकीय स्थलको रुपमा पहिचान दिलाउने कार्यक्रम प्राथमिकताका साथ कार्यान्वयनमा ल्याइनेछ ।
१६. श्री चक जनता शहिद गंगा मा.वि.को नाममा नम्बरी दर्ता कायम रेहेको १ विगहा ५ कट्ठा ५ धुर जगामा नवप्रर्वतन साझेदारी कोष कार्यक्रम अन्तर्गत निर्माण भएको कृषि प्रयोगशाला निरन्तर संचालन तथा व्यवस्थापनको लागि आवस्यक रकम विनियोजन गरी परियोजनालाई निरन्तरता दिइनेछ ।

➢ ***"राजस्वमा बैज्ञानिक सुधार, समृद्ध बरहथवाको मूल आधार"* नारा सहित राजस्व सुधार सम्बन्धि नीतिहरु**

१. चालु आ.व.मा प्रदेश मन्त्रालयबाट स्वीकृत गराइएको वागमती नदीको वातावरणीय प्रभाव मूल्यांकन (ई.आई.ए.) को आधारमा वालुवा, गीट्टी खनिज उत्खननका लागि इ विडिङ्ग प्रक्रियाबाट ठेक्का बन्दोवस्त गरिनेछ ।
२. नगरपालिकाको स्वामित्वमा रहेको बजार क्षेत्रका सटर तथा भवनहरुको बाँकी बक्यौता घर भाडा कडाइका साथ संकलन गरिनेछ । सम्झौताको म्याद पुरा भई सकेका भवन तथा सटरहरुको सम्झौता खारेजी गरी पूनः ठेक्का लगाइनेछ । बाँकी बक्यौता राख्ने ठेकेदार/व्यक्तिहरुलाई कालोसूचीमा राखी अव उपरान्त कुनै पनी ठेक्कामा भाग लिनबाट बंचित गराईनेछ ।
३. बहाल विटौरीलाई व्यवस्थित गरि कर संकलन गर्ने कार्य कडाइका साथ लागू गरिनेछ ।

४. गत विगतमा बजार तथा पोखरीहरु ठेक्का लिई सकार रकम जम्मा नभएका राजस्वहरु कडाइका साथ असुलउपर गरिनेछ ।
५. राजस्व प्रणालीलाई स्वचालित प्रविधिमा आधारित बनाइनेछ साथै राजस्वका संभावित क्षेत्रहरु पहिचान गरी दायरा विस्तार गरिनेछ ।
६. नगर क्षेत्र भित्र घर संरचना भाडामा लगाउनेहरुसँग सम्झौता बमोजिमको रकममा १० प्रतिशत घर वहाल कर संकलन गर्ने कार्य रणनीतिक रुपमा कार्यान्वयन गरिनेछ ।
७. नगर क्षेत्र भित्रका सबैभन्दा बढी कर तिर्ने करदाताहरुको अभिलेख राखी करदाता सम्मान कार्यक्रम गर्ने व्यवस्था मिलाइनेछ ।
८. राजस्व सुधारका लागि सम्भाव्यता अध्ययन कार्य विज्ञहरुबाट सेवा परामर्श लिई **"प्रगतीशील कर प्रणाली"** लागू गरिनेछ ।
९. महालेखा परीक्षकहरुबाट सम्पन्न भएको लेखा परीक्षण प्रतिवेदनको आधारमा असुल उपर गर्नुपर्ने बेरुजूको सूचीमा रहेका निर्माण ब्यावसायी ठेकेदार, उपभोक्ता समिति, कर्मचारी, जनप्रतिनिधि, लगायत सबै संग आगामी आ.व. को पहिलो चौमासिक भित्र अनिवार्य रुपमा नियमानूसार असुलउपर गरिनेछ ।

## सामाजिक विकास तर्फका नीतिहरु

➢ ***"आधारभूत स्वास्थ्य नगरबासीको मौलिक अधिकार, विशेषज्ञ सेवा सहित निःशुल्क उपचार"* मूल नारा सहित स्वास्थ्य सम्बन्धि नीतिहरु**

१. चालु आ.व.मा निर्माण कार्य सम्पन्न हुन लागेको १५ शैयाको अस्पताल बरहथवामा विशेषज्ञ चिकित्सक सहितको सुविधा सम्पन्न शल्यक्रिया (सीअस), भिडियो एक्सरे, प्रयोगशाला (ल्याव) ब्लडबैंक, आइ.सी.यु. सहितको अत्याधुनिक सुविधा सम्पन्न प्रसुतिगृह विशेष प्राथमिकताका साथ संचालनमा ल्याइनेछ ।
२. नेपाल सरकारबाट तोकीएको निशुल्क औषधि बाहेक १० प्रकारको थप औषधि नगरपालिकाबाट खरीद गरी सबै स्वास्थ्य केन्द्रमा औषधिको अभाव रहने समस्याको अन्त्य गरिनेछ ।
३. बरहथवा नगरपालिकालाई आगामी आ.व.मा पूर्ण खोप पालिका घोषणा गर्न रणनीतिक अभियानका साथ विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
४. बरहथवा नगरपालिका अन्तर्गतको प्रत्येक नगरबासीहरुका लागि स्वास्थ्य विमा कार्यक्रम कार्यान्वयनमा ल्याइने छ ।
५. प्रत्येक वडामा रहेको स्वास्थ्य संस्थाहरुको स्तर वृद्धि गरी निरन्तर निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रदान गरिनेछ ।
६. बरहथवा प्राथमिक स्वास्थ्य केन्द्र संगै रहेको सर्पदंश उपचार केन्द्र लाई थप आवश्यक सुविधा सहित व्यवस्थित रुपमा संचालन गरिनेछ ।
७. पोषण सम्बन्धमा स्वास्थ्य स्वंयम सेविकाहरुलाई थप जिम्मेवारी र थप प्रोत्साहन कार्यक्रम संचालनमा ल्याइनेछ ।
८. यस बरहथवा नगरपालिका अन्तर्गत संचालित बहुक्षेत्रीय पोषण कार्यक्रमको दायरा बढाई थप प्रभावकारी ढंगबाट संचालन गरिनेछ ।

- ***"शिक्षामा सुधार, प्रगतिको आधार"* मूल नाराका साथ शिक्षा युवा तथा खेलकुद विकास सम्बन्धि नीतिहरु**

१. बरहथवा नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न आगामी आ.व.को पहिलो चौमासिक भित्र सर्वेक्षण कार्य सम्पन्न गरी सूचक सहितको एक ठोस रणनीति र कार्यनिति, कार्ययोजना, अनुगमन तथा मूल्यांकन विधि प्रक्रिया तयार भई दास्रो चौमासिकबाट कडाइका साथ लागू गरिनेछ ।

२. आगामी आ.व.मा आधारभूत र मा.वि. तहहरुमा शिक्षकहरुका लागि विद्युतीय हाजिरी (ई-एटेन्डेन्स) प्रविधि अनिवार्य गरिनेछ । र उक्त हाजिरिको कन्ट्रोल सिस्टम वाइफाइ प्रविधि मार्फत बरहथवा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको सूचना प्रविधि शाखाबाट गरिनेछ ।

३. बरहथवा नगरपालि अन्तर्गतका सुचिकृत गरीब परिवारका विद्यार्थीहरु मध्ये प्रति वर्ष बढिमा ५ जनालाई प्रतिस्प्रधाबाट छनौट गरी चिकित्सा शास्त्र तथा प्राविधिक विषय (इन्जिनियरिङ्ग) को लागि पूर्ण छात्रवृत्ती उपलब्ध गराउन नगर स्तरमा **मेयर छात्रवृत्ति कोष**को स्थापना गरिनेछ ।

४. सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको तलब मासिक रुपमा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

५. शिक्षक तथा कर्मचारीहरुलाई योग्य र सक्षम बनाउन पुनर्ताजगी तालिमको व्यवस्था मिलाइनेछ ।

६. विद्यालयको आर्थिक अवस्था र विद्यार्थी संख्या अनुसार भौतिक पूर्वाधारको व्यवस्था मिलाईनेछ ।

७. दक्ष जनशक्ति उत्पादन र विकासका लागि शिक्षक सेवा र लोक सेवा आयोगको तयारी कक्षाहरु नगरपालिकाबाट निःशुल्क संचालन गरिनेछ ।

८. नगर भित्रका सामुदायिक विद्यालयहरु मध्ये प्रतिस्पर्धाबाट छनौट गरी प्रति वर्ष एक विद्यालयलाई नवप्रर्वतनात्मक नमूना विद्यालयको रुपमा व्यवस्थापन गर्न प्रोत्साहन अनुदान दिईनेछ ।

९. विद्यार्थी संख्याको आधारमा स्वयम सेवक शिक्षक नियुक्त गरी पठन पाठनकार्यलाई प्रभावकारी बनाइनेछ ।

१०. विद्यालय खाजा कार्यकमलाई गुणस्तरीय र व्यवस्थित गरिनेछ ।

११. विद्यालयमा विज्ञान तथा प्रविधि मैत्रि वातावरणको सृजना गरी पठनपाठन कार्यलाइ व्यवस्थित बनाइनेछ ।

१२. आर्थिक अवस्था कमजोर भएका तर विशेष क्षमता भएका विद्यार्थीहरुको पहिचान गरी छात्रवृत्तीको व्यवस्था गरिनेछ ।

१३. प्रत्येक विद्यालयमा स्वस्थ्य खानेपानी र सुलभ सौचालय तथा सुरक्षाको उचित व्यवस्था गरीनेछ ।

१४. विद्यार्थीहरुको सर्वाङ्गीण विाकासकालागि प्रत्येक महिनाको अन्तिम शुक्रवार पुस्कतक रहित अतिरिक्त कियाकलाप गरिने कार्यक्रम कार्यान्वयन गरिने छ ।

१५. नगर भित्रका विद्यालयहरुका उत्कृष्ट प्र.अ., शिक्षक कर्मचारी र विद्यालय व्यवस्थापन समितिलाई सूचकको आधारमा छनौट गरी पुरस्कृत गरिनेछ ।

१६. शुभजनता बहुमुखी क्याम्सको स्तरउन्नती गरी प्रभावकारी रुपमा संचालन गरिनेछ ।

१७. नगर क्षेत्र भित्रका  सबै सामुदायिक विद्यालयहरुमा आधुनिक वालविकास केन्द्र संचालन अभियानलाई निरन्तरता दिई मन्टेश्वरी शिक्षा प्रणाली लागु गरिनेछ ।

१८. विद्यालय तहबाटै शिक्षालाई श्रम संग जोडन सीप विकास, उत्पादन र आयमूलक बनाउन उत्प्रेरित गरिनेछ ।

१९. नगरक्षेत्र भित्र संचालित कृषिवाली विज्ञान, जिओमेटिक इन्जिनियरिङ्ग, सिभिल इन्जिनियरिङ्ग, तर्फका प्राविधिक शिक्षा कार्यकमहरु एकीकृत गरी एकै स्थानबाट प्रभावकारी रुपमा संचालन तथा व्यवस्थापन गर्न जोड दिइनेछ ।

२०. नगर प्रमुखसंग प्रत्यक्ष संवाद हुने गरी **मेयर संग वालवालिका** कार्यक्रम संचालन गरिनेछ ।

२१. चालु आ.व.मा लिइएको नीति अनुसार युवा तथा खेलकुद सम्बन्धी नगरस्तरीय संजाल निर्माण गरि प्रतिभाको पहिचान सहित स्थानीय स्तरमा राष्ट्रिय स्तरको खेलाडी उत्पादन गर्ने कार्यको निरन्तरता दिइनेछ ।
२२. विद्यालय तहबाटै खेलकुद विकासका कार्यक्रम संचालनका लागि प्रतिस्पर्धा मूलन नीति अवलम्बन गरिनेछ ।
२३. युवाहरु देशका कर्णधार मात्र होइनन वर्तमानका साझेदार पनि हुन तसर्थ "युवाको जाँगर : समृद्धिको आधार" लाई सार्थक तुल्याउन बरहथवा नगरपालिकाको आर्थिक, सामाजिक, राजनैतिक र सांस्कृतिक विकासको मुलप्रवाहिकरणमा युवा परिचालन गर्ने रणनीतिक योजना लागू गरिनेछ ।

➢ ***"स्थानीय स्तरमै रोजगारीको अभिवृद्धि, बरहथवा बासिको समृद्धि"* मूल नाराका साथ रोजगारी अभिवृद्धि तर्फका नीतिहरु**

१. स्वरोजगारीका अवसर सृजना गर्न युवाहरुलाई लक्षित गरी आवश्यकताका आधारमा सीप तथा व्यवसासिक तालिम कार्यक्रमहरुको आयोजना गरिनेछ ।
२. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको प्रभावकारी रुपमा संचालन गरी गरिब तथा सीमान्तकृत समुदायलाई उद्यमी बनाउने र नयाँ उद्यमीहरुलाई बजार क्षेत्रमा ब्यावसाय गर्न उपयुक्त स्थान उपलब्ध गराउने नीतिको प्रभावकारी कार्यान्वय गरिनेछ ।
३. वास्तविक बेरोजगारहरुको तथ्यांक अद्यावाधिक गरी प्रधानमन्त्री रोजगार कार्यक्रमको मर्म र भावना अनुसार उपलब्धि मूलक र परिणाममूखी कार्य सम्पादन गरिनेछ । प्रधानमन्त्री रोजगार कार्यक्रमलाइ थप प्रभावकारी बनाइनेछ ।
४. बैदेशिक रोजगारमा जाने युवाहरु अदक्ष भइ कामदारको रुपमा जाँदा न्यून पारिश्रमिकमा काम गर्नुपर्ने बाध्याताको अन्त्य गर्न विल्डीङ्ग इलेक्ट्रीसियन, मेसन, पलम्बीङ्ग, कारपेन्टर, ड्रेसमेकर, आल्मुनियम फिटिङ्ग, स्टील फिटिङ्ग, वेल्डर, मोटरसाइकल मर्मत, एसी-फ्रिज, मर्मत, आधुनिक खेती, च्याउ खेती, जस्ता सीपमूलक तालीम कार्यक्रमहरु विभिन्न संघ संस्थाहरुको सहकार्यमा संचालन गरि दक्ष कामदार उत्पादन गरिनेछ ।

➢ ***"लैंङ्गीक तथा समाजिक समावेशिकरणको आवस्यकता, बरहथवा नगरपालिकाको प्राथमिकता"* सहित महिला, बालबालिका, जेष्ठ नागरिक लगायत अन्य लक्षित वर्गहरु समबन्धित नीतिहरु**

१. लैंङ्गीक तथा सामाजिक सामावेशीकरण नीति तर्जुमा गरी **मेयर सशक्तिकरण** योजना कार्यान्वयनमा ल्याइने छ ।
२. विकास, समाज र राज्य संचालनको प्रक्रिया, पद्धति र लक्ष्यहरुबाट पछाडि पारिएका वा परेका लक्षित समुदायलाई बरहथवा नगरपालिकाको आन्तरिक निर्णय प्रक्रिया तथा पालिकाबाट संचालन हुने विकासका प्राथमिकीकरणमा परेका कार्यक्रम मार्फत समाजको मूलप्रवाहमा ल्याउने उद्देश्य, रणनीति तथा कार्यनीतिका साथ विषयगत संस्थागत र समग्र रुपमा लैंङ्गीक तथा सामाजिक समावेशिकरण रणनीति तयार पारि उच्च प्राथमिकताका साथ लागू गरिनेछ ।
३. लैंङ्गीक हिंसा, दाईजो प्रथा, अनमेल विवाह, वोक्सी प्रथा, गैरकानूनी पकाउ, जस्ता घटनाहरु विरुद्ध रणनीतिक योजनाबनाई कार्यक्रमहरु कार्यान्वयनमा ल्याईनेछ ।
४. बालबालिकाको क्षेत्रमा वालश्रम, मानसीक तथा शारीरिक यातना जस्ता घटनाहरुको अन्त्य गर्न आवश्यक कदम चालिनेछ ।
५. आमा र बच्चाको स्वास्थ्य र सुरक्षाका लागि जनसर्म्पक हुने नगर क्षेत्र भित्रका सरकारी कार्यालयहरु, संघ/संस्था र सार्वजनिक स्थलहरुमा स्तनपान कक्ष निर्माण गरिने छ ।
६. असक्त जेष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता घरदैलोमा नै पुर्‍याउने व्यवस्था गरिनेछ र प्रत्येक चौमासिकमा निःशुल्क स्वास्थ्य परीक्षण सम्बन्धि सिविर संचालनको व्यवस्था मिलाइनेछ ।

➢ ***“गरीबी संग लड्ने ऐक्यवद्धता, गरीबी मुक्त नगर घोषणा गर्ने प्रतिवद्धता”* मूल नाराका साथ गरबी निवारण तथा सहकारी सम्बन्धि नीतिहरु**

१. गरीबी निवारण मन्त्रालयबाट सर्वेक्षण भई प्राप्त विवरण अनुसार ठहर भएका गरीबहरुका लागि गरीबी निवारण सम्बन्धि रणनीति र कार्यनीति तयार पारी प्रभावकारी कार्यान्वयनका साथ गरीबी मुक्त नगरपालिका घोषणा गरिनेछ।
२. बरहथवा नगरपालिका अन्तर्गतका सम्पूर्ण गरीबी निवारण समूह, संस्थाहरुलाई एकीकृत गरी सहकारी संस्थामा आवद्ध गरिनेछ। र गरीबी निवारण समूहमा रहेको रकमहरुको खोजी गरी पुनः परिचालन गर्ने नीति कडाइका साथ लागु गरिनेछ।
३. गरिबी निवारण समूहहरुका सदस्यहरुलाई लक्षित गरी आर्थिक वृद्धि, बचत तथा आय आर्जन लगायत सीप विकासका कार्यक्रमहरु संचालनमा ल्याइनेछ।
४. यस नगरक्षेत्र भित्रका संम्पूर्ण सहकारिहरुको प्रतिनिधित्व हुने गरी एक नगर स्तरीय सहकारी संस्था संजाल निर्माण गरिनेछ। र संजाल मार्फत सबै सहकारीलाई गतिशिल बनाइनेछ।
५. औद्योगिक बस्तुहरुमा आत्म निर्भर हुने गरी परम्परागत, लघु तथा घरेलु, मझौला र साना उद्योगहरुको बिकास बिस्तार र आधुनिकीकरणका लागि प्रोत्साहन गरिनेछ । अत्याबश्यक स्थानीय बस्तुहरु उत्पादनमा सहकारी र निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।

➢ ***“दिगो पूर्वाधारको निर्माण, बरहथवा विकासका लागि बरदान”* मूल नारा सहित भवन, आवास र पूर्वाधर विकास सम्बन्धि नीतिहरु**

१. बरहथवा बजार तथा ग्रामीण आवास क्षेत्रहरुको नालाहरुको निकास नभई पानी जम्ने समस्याको दिघकालिन सामाधानका लागि चालु आ.व.मा निरन्तर पहल गरी संघीय सहरी विकास मन्त्रालयबाट स्वीकृत भएको कार्यक्रम तथा बजेटबाट विज्ञ प्राविधिक टोली संग अध्ययन अनुसन्धान गराई विस्तृत परियोजना प्रस्ताव (डि.पी.आर) तयार पारी सो डि.पी.आरको आधारमा नालाहरुको निर्माण, स्तरोन्ती, सडक पूर्वाधार तथा ब्यावसायिक भवन पूर्वाधार वैज्ञानिक ढंगबाट निर्माण कार्य तत्काल अगाडि बढाइनेछ।

२. बरहथवा नगरपालिकाको प्रशासकीय भवन निर्माणका लागि चालु आ.व.मा पहल गरी रु. १० करोर लागतको भवन स्वीकृत भएकोमा उक्त प्रशासकीय भवन निर्माण कार्य गर्न आगामी आ.व. का लागि लागत साझेदारी रकम ५ करोर मध्ये रु. २ करोर ५० लाख स्वीकृत गरी निर्माण कार्य तत्काल अगाडि बढाइनेछ।

३. हालको गोरु, भैसी, पाडा जस्ता पशु बजार बैकल्पिक स्थानमा ब्यवस्थापन गरी हालको गोरुबजारमा ग्रीन पार्क निर्माण कार्य उच्च प्राथमिकताका साथ अगाडि बढाउने।

४. बरहथवा नगरपालिका वडा नं. ५, सोती पुल देखि ओशो ध्यान केन्द्र, शान्तिवाटिका क्षेत्र हुदै बस पार्क सम्म पार्क सहितको पदमार्ग निर्माण गर्न चालु आ.व.मा तायार पारिएको विस्तृत परियोजना प्रस्ताव को आधारमा निर्माणकार्य अगाडी बढाइनेछ।

५. हाल सम्म तयार नभएको बरहथवा नगरपालिकाको भवन निर्माण मापदण्ड आगामी आ.व. २०८०।०८१ भित्रमा तयार पारि नगर क्षेत्र भित्रमा कडाईका साथ लागू गरिनेछ,

६. दिगो पूर्वाधार विकासका लागि नगर यातायात गुरु योजना, खानेपानी तथा सरसफाई गुरु योजना, भू-उपयोग योजना, फोहरमैला व्यवस्थापन योजना एवम् प्रकोप व्यवस्थापन योजना तयार गरी कार्यान्वयनमा जोड दिईनेछ ।

७. दिगो पूर्वाधार विकासका लागि भवन निर्माण सम्बन्धि मौजुदा अदक्ष तथा दक्ष कामदार (मिस्त्री) हरुलाई मपदण्ड सम्बन्धि छोटो अवधिको तालिम कार्यक्रम संचालन गरिनेछ ।

८. नगर क्षेत्र भित्र रहेका अतिविपन्न, सिमान्तकृत र भुमिहिन परिवारलाई सुरक्षित बसोवासको लागि उपयुक्त स्थानमा नमुना बस्ती निर्माण गरी आवासको प्रबन्ध मिलाईने छ। साथै फुसको घरको पूर्ण रुपमा विस्थापन गरि सुरक्षित बनाइनेछ ।

९. नगर कार्यपालिकाको कार्यालय देखी वडा कार्यालय सम्मका सबै सडकहरुको स्तरोन्नती गरी नमूना सडक विस्तार आयोजना निरन्तर कार्यान्वयनमा ल्याइनेछ ।

१०. विगत वर्षमा तयार पारिएको बरहथवा नगरपालिकाको रिङ्गरोडको डि.पी.आ.र लाई अध्ययन गरी सडकको दुवै पेटीमा नाला, फुटपाथ, वृक्षारोपण, सडक सौर्य बत्ती सहितको सडक निर्माण कार्य लाई प्राथमिकका साथ अगाडि बढाइनेछ ।

११. विगत २ वर्ष देखि निर्माणाधिन रहेको श्रीपुर वारी-पारी जोड्ने लखनदेही नदिको झुलुङ्गे पुल निर्माण कार्य आ.व. २०८०।०८१ मा सम्पन्न गर्न सम्बन्धित निकायमा पहल गरिनेछ ।

➢ ***"पर्यटन क्षेत्र र पूर्वाधार, समृद्ध बरहथवा मूल आधार"* मूलनाराका साथ पर्यटन प्रर्वद्धन सम्बन्धि नीतिहरु**

१. चालु आ.व.मा लिएको नीति अनुसार निर्माण कार्य प्रारम्भ भएको बरहथवा नगरपालिका वडा न. ९ को **"मुक्तेश्वर बाबा धाम "** पर्यटकीय क्षेत्रको डि.पी.आर.अनुसार निर्माण कार्यको निरन्तरता दिइनेछ ।

२. हजरियामा आलु मकैको पकेट क्षेत्र र "कृषि पर्यटकीय स्थल" निर्माण गर्न विभिन्न दातृ निकायहरुसंग समन्वय तथा सहकार्य गरिनेछ ।

३. हिरापुर ब्यारेजमा व्यवस्थित माछा ताल, बोटिङ्ग सहितको पर्यटकीय स्थल सहित लघुजलविधुत आयोजनाको सम्भाव्यता अध्ययन गरी डि.पि.आर. तयारी गर्ने कार्य अगाडी बढाउन विशेष पहल गरिनेछ ।

४. सोती, मनुष्मारा, एकादशी, बुढिबाग्मती, ढावी, झिङ्गयाही लगायतका स्थानीय नदीहरुको प्राकृतिक सौन्दर्यता सहित पर्यटकीय स्थल निर्माण सम्बन्धि विस्तृत अध्ययन प्रतिवेदन तयार पारी निर्माण कार्य क्रमशः अगाडी बढाइनेछ ।

➢ ***"शुद्ध खानेपानी, स्वस्थ्य जीन्दगानी"* मूल नारा सहित खानेपानी र सरसफाई सम्बन्धि नीतिहरु**

१. चालु आ.व.मा लिइएको नीति अनुसार बरहथवा नगरपालिका अन्तर्गत वडा नं. ५ मा अवस्थित ४,५०,००० लिटर क्षमता भएको खानेपानी तथा सरसफाई आयोजनाको आवश्यक पूर्वाधार तयार गरि पुनः संचालन गर्न गरिएका पहलको प्रतिफल स्वरुप राष्ट्रिय योजना आयोगबाट स्वीकृत रु. १ करोर १५ लाखको योजना संचालनमा ल्याइनेछ ।
२. खानेपानी आयोजना अन्तर्गत मिनिरल वाटर उद्योग निर्माण गरी सहुलियत दरमा शुद्ध पानी नागरिकलाई उपलब्ध गराउने र नगरपालिकाको दिगो आय सुनिश्चित गर्ने नीति कार्यान्वयमा ल्याउने,
३. बजार क्षेत्रमा बढि भिड हुने स्थानहरु बसपार्क र मालपोत कार्यालय नजिक आगामी आ.व.मा निःशुल्क चिसो शुद्ध पानी मिनिरल वाटर उपलब्ध हुने मेसिन जडान गरिनेछ ।

४. नगरक्षेत्र सरसफाई सम्बन्धी गुरुयोजना बनाई दिर्घकालीन फोहरमैला ब्यवस्थापन सम्बन्धी रणनीतिक योजना कार्यान्वयनमा लाइनेछ ।
५. वैज्ञानिक मापदण्ड अनुसारको फोहर ब्यवस्थापन केन्द्र निर्माण गरि फोहरबाट मोहर बनाउने अत्याधुनिक योजना तथा कार्यक्रम कार्यान्वयमा ल्याइनेछ ।
६. बरहथवा नगरपालिका अन्तर्गतका नालाहरु वार्षिक कम्तीमा २ पटक सफाई गर्ने योजना कार्यान्वयनमा ल्याइनेछ ।
७. घरबाट निस्कने फोहरलाई घरघरमै स्तरीकरण गरी शुल्कमा आधारित फोहर संकलन तथा सरसफाई सम्बन्धि कार्यक्रम कार्यान्वयन गरिनेछ ।

## ➢ उर्जा विकास सम्बन्धि नीतिहरु

१. बरहथवा नगरपालिका अन्तर्गतका सम्पूर्ण वडाहरुको सर्वेक्षण गराई नगर क्षेत्र भित्रका सबै बस्ती तथा घर-घर सम्म घरवत्ति विद्युतिकरण कार्य पहिलो प्राथमिकतामा राखी सम्पन्न गरिनेछ ।
२. गाउँ घरमा खाना पकाउनको लागि प्रयोग हुने गुँईठाको प्रतिस्थापन गरि सुधारिएको चुल्हो, बायो ब्रिकेट र बायोग्याँस जस्ता जैविक उर्जामा आधारित प्रविधिको प्रयोगलाई विस्तार गरिने छ ।
३. बरहथवा नगरपालिका अन्तर्गतका मूल सडक तथा बजार चोकहरुमा अत्याधुनिक सडक सौर्यबत्ति जडान गर्ने कार्यलाइ निरन्तरता दिइनेछ ।
४. सौर्य उर्जा प्रविधिबाट सिंचाइ गर्ने किसानलाई अनुदानका लागि पहल गरिनेछ ।

## ➢ वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धि नीतिहरु

१. बरहथवा नगरपालिका र डिभिजन वन कार्यालय, सर्लाही संगको साझेदारीमा संचालित सडक पेटिमा वृक्षारोपण कार्य हजार विगहा देखि इलाका प्रहरी कार्यालय सम्म पहिलो चरणमा सम्पन्न भएकोमा दोस्रो चरणमा वडा नं. ७ को दुध चिस्यान केन्द्र देखि दक्षिण हिरापुर ब्यारेज सम्म सडक पेटिमा वृक्षारोपण कार्य गरिने छ ।
२. आगलागी नियन्त्रणका लागि बरहथवा नगरपालिकाको नगर प्रहरीलाई प्राविधिक तालिम दिई नगर पालिकाको आफ्नो वारुण यन्त्र खरिद गरी संचालन गरिनेछ ।
३. गर्मी महिनामा हावा हुरी तथा आगलागिबाट विस्थापित हुने परिवारहरुको लागि पुनःस्थापना गर्ने कार्यक्रम प्राथमिकताका साथ लागू गरिनेछ ।
४. नगर क्षेत्रमा हरियाली प्रवर्द्धन गर्न, खाली, पर्ती जग्गा, नदी उकास क्षेत्र, सार्वजनिक जग्गाहरु र सडकको दायाँ बायाँ ठाउँ अनुसार उपयुक्त काठ, जडिबुटि र फलफुलका विरुवाहरु रोपण गरी शहरी सौन्दर्यता र आय आर्जन बढाउन हेल्भेटास, इन इलम परियोजना संगको साझेदारीमा हरित क्षेत्र विकास कार्यक्रमको निरन्तरता दिइनेछ ।
५. नगरको फोहोर मैलाको व्यवस्थापनमा निजी क्षेत्र समेतलाई परिचालन गरी सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरुप शुल्कमा आधारित फोहोरमैला सङ्कलन तथा व्यवस्थापन सम्बन्धि कार्यक्रम संचालन गरिनेछ ।
६. बरहथवा नगरपालिकाको ल्याण्डफिल साईट, फोहोर प्रशोधन केन्द्रका लागि जग्गा व्यवस्थापन गर्ने योजना पहिलो प्राथमिकतामा राखीनेछ ।
७. बरहथवा बजार क्षेत्रबाट संकलन गरिने फोहरहरुलाई स्तरीकरण गर्न तथा आर्गेनिक मल उत्पादन प्रविधि जडान, सम्बन्धि विज्ञहरुबाट अध्ययन अनुसन्धान तथा डि.पी.आर तयार पारी फोहरलाई मोहोर बनाउने योजना संचालनमा ल्याइनेछ ।
८. बजार क्षेत्र लगायत अन्य महत्वपूर्ण स्थानहरुको प्राथमिकता क्रम निर्धारण गरी सार्वजनिक स्थलहरुमा क्रमस लैङ्गिक मैत्री सुलभ शौचालय निर्माण तथा व्यवस्थापन गरिनेछ ।

९. नगर क्षेत्र भित्र जथाभावी फोहोर गर्ने, सार्वजनिक स्थान र सडकहरु अवरुद्ध हुने गरी पशु चौपाया छाडा छोड्ने तथा निर्माण सामग्री राख्नेलाई फोहोरमैला व्यवस्थापन ऐन-नियमावली अनुसार हदैसम्मको कार्वाही र दण्ड जरिवाना गरिनेछ ।

- **सुशासन, सार्वजनिक सेवा प्रवाह र संस्थागत विकास सम्बन्धि नीतिहरु**

१. बरहथवा नगरपालिकाको नगर पार्श्वचित्र (प्रोफाइल) अद्यावधिक गरी विद्युतिय प्रोफाइल तयार पारिनेछ ।

२. नगरपालिकाको आवधिक योजना उच्च प्राथमिकताका साथ तयार पारी कार्यान्वयमा ल्याइनेछ ।

३. आवधिक योजनालाई पुरा गर्न मध्यमकालीन खर्च संरचना बनाईनेछ ।

४. बरहथवा नगरपालिकाको स्थानीय संस्थागत स्वमूल्यांकनका लागि कार्ययोजना तयार पारि लागु गरिनेछ ।

५. वार्षिक नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वियनका लागि वार्षिक कार्यक्रम कार्यान्वियन कार्ययोजना बनाई सो को आधारमा चौमासिक विस्तृत कार्ययोजना तयार पारि मात्र योजनाहरु कार्यान्वयमा ल्याइनेछ ।

६. नगर र वडाको कार्यसम्पादनलाई केन्द्रित गरी चौमासिक समिक्षा गरिनेछ ।

७. गत विगतका पेश्की बेरुजु फद्दर्यौट सम्बन्धी कार्ययोजना बनाई कडाइका साथ लागु गरिनेछ ।

८. नतिजामा आधारित कार्यसम्पादन प्रणालीको अबलम्बन गरी कार्यालय प्रमुख, माहाशाखा र शाखा प्रमुखहरुसँग कार्यसम्पादन करार सम्झौता गरी करारका शर्तहरुलाई कार्यसम्पादनको मुल्यांकनको आधार बनाईने छ । कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू गरिनेछ ।

९. बरहथवा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा सपोर्ट नेपालको सहयोगमा तयार पारिएको नागरिक सहायता कक्ष (हेल्प डेस्क) को प्रभावकारी संचालन गरिनेछ ।

१०. बरहथवा नगरबासिहरुको गुनासोहरुको समयमा सम्बोधन गर्नका लागि अनलाईन गुनासो सुनुवाई पोर्टल संचालन गरी प्रभावकारी रुपले कार्यान्वयन गरिनेछ ।

११. नगर प्रमुखसंग प्रत्यक्ष संवाद हुने गरी **जनतासंग मेयर** कार्यक्रम संचालन गरिनेछ ।

१२. बरहथवा नगरपालिका अन्तर्गतको सरकारी कार्यालयहरुको अनुगमन गरी जनताको सेवा सुविधाहरुलाई प्रभावकारी बनाइनेछ ।

१३. नगरकार्यपालिका कार्यालयको प्रत्येक शाखा र वडा कार्यालयहरुको फाईलिङ्ग रेकर्डिङ्ग प्रणाली लगायत अन्य व्यवस्थापनमा समयानुकुल विद्युतिय शासन प्रणाली लागू गरी सुधार गर्दै सूचना प्रविधिमैत्री कार्यालय व्यवस्थापन गरिनेछ ।

१४. नगरपालिकाद्वारा प्रदान गरिने सेवा सुविधालाई प्रभावकारी, पारदर्शी एवं जनउत्तरदायी बनाउन सघन अनुगमन, बुलेटिन/ब्रोसर प्रकाशन, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण तथा चौमासिक/बार्षिक प्रगती समीक्षा नियमित रुपमा गरी सुशासनको प्रत्याभूती दिईनेछ ।

१५. नगरकार्यपालिका अन्तर्गतका जनप्रतिनिधि तथा कर्मचारीहरुको स्वास्थ्य विमामा ५० प्रतिशत अनुदान दिइनेछ र नगर सभाबाट स्विकृत दरबन्दीमा कार्यरत करार सेवा कर्मचारीहरुको १० प्रतिशत संचय कोषबापत कट्टा गरी नगर कार्यपालिकाको कार्यालयबाट १० प्रतिशत थप गरी दाखिला गरिनेछ । साथै कार्यरत कर्मचारिहरुको योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराइनेछ ।

१६. सबै वडा कार्यालयको आफ्नो कार्यालय भवन निर्माणमा जोड दिइनेछ र प्रत्येक वर्ष वडा स्तरमा समेत सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण लगायत समाजिक जवाफदेहिताका कार्यक्रमहरु अनिवार्य गरिने ब्यवस्था अवलम्बन गरिनेछ ।

१७. जन्म, मृत्यु, विवाह बसाइ सराराइ जस्ता घटना दर्ता कार्य अनलाइन प्रणाली मार्फत १८ वटै वडाबाट सेवा प्रवाहको व्यवस्था पुर्णरुपमा लागू गरिनेछ ।

**प्रस्तुत नीतिहरु पुरा गर्नका लागि कुल आय ७५ करोर, ९० लाख ७५ हजारको बजेट आय व्यय अनुमान देहाय बमोजिम प्रस्ताव गरिएको छ ।**

| क्र.सं. | प्रस्तावित आय शिर्षक | आ.व. २०८०/०८१ को अनुमानित रकम | |
|---|---|---|---|
| १ | **संघीय सरकार बाट प्राप्त** | | |
| १.१ | संघीय राजस्व बाड फाड | १४०२९००० | १४ करोर २९ लाख |
| १.२ | संघीय समानिकरण अनुदान | १६३९००००० | १६ करोर ३९ लाख |
| १.३ | संघीय रोयल्टी बाँडफाँड | १००००००० | १ करोर |
| १.४ | विषयगत शर्शत अनुदान चालु | २८३९००००० | २८ करोर ३९ लाख |
| १.५ | विषयगत शर्शत अनुदान पुँजीगत | १४०००००० | १ करोर ४० लाख |
| १.६ | संघीय समपुरक | ७५००००० | ७५ लाख |
| १.७ | संघीय विशेष | ११५००००० | १ करोर १५ लाख |
| १.८ | नगरपालिकाको आन्तरिक आय | ८८८२२००० | ८ करोर ८८ लाख २२ हजार |
| १.९ | सडक बोर्ड नेपाल | ६०००००० | ६० लाख |
| २ | **प्रदेश सरकारबाट प्राप्त** | | |
| २.१ | प्रदेश समानिकरण अनुदान | १२४२४००० | १ करोर २४ लाख २४ हजार |
| २.२ | प्रदेश समपुरक अनुदान | २०००००० | २० लाख |
| २.३ | प्रदेश राजस्व बाँडफाँड | १६०००००० | १ करोर ६० लाख |
| २.४ | प्रदेश विशेष अनुदान | ३०००००० | ३० लाख |
| | **कुल आय** | **७५९०७५०००** | **७५ करोर ९५ लाख ७५ हजार** |
| | **प्रस्तावित व्यय तर्फ** | | |
| १ | वडा स्तरीय योजना तथा कार्यक्रम संचालन खर्च | १०८४९९६८९ | १० करोर ८४ लाख, ९९ हजार ६ सय ८९ रुपैया |
| | शिक्षा विकाश कार्यक्रम | १२०००००० | १ करोर २० लाख |
| | स्वास्थ्य सेवा विकाश कार्यक्रम | २७०००००० | २ करोर ७० लाख |
| | सामाजिक सुरक्षा तथा पंजीकरण | २०००००० | २० लाख |
| | कृषि विकाश कार्यक्रम | ३०००००० | ३० लाख |
| | पशु सेवा विकाश कार्यक्रम | ३०००००० | ३० लाख |
| | गरिवी निवारण | ४०००००० | ४० लाख |
| | पूर्वाधार विकाश कार्यक्रम | ९३६७५३११ | ९ करोर ३६ लाख ७५ हजार ३ सय ११ |
| | वन वातावरण तथा विपद व्यवस्थापन | ४०००००० | ४० लाख |
| | सुशासन तथा संस्थागत विकाश | ६०००००० | ६० लाख |
| | सूचना प्रविधि तथा उर्जा विकाश | ५०००००० | ५० लाख |
| | भुमि व्यवस्थापन | ५०००००० | ५० लाख |
| | बिधुतिकरण कार्यक्रम | १५००००० | १५ लाख |
| | कार्यालय संचालन प्रशासनिक खर्च | १६००००००० | १६ करोर |
| ३ | संघीय सशर्त अनुदान खर्च | २९७९००००० | २९ करोर ७९ लाख |
| ४ | संघीय सम्पुरक अनुदान, नमुना गरिव आवास आयोजना निर्माण | १५०००००० | १ करोर ५० लाख |
| ५ | संघीय विशेष अनुदान, खानेपानी योजना पुनः संचालन कार्य | ११५००००० | १ करोर १५ लाख |
| | **कुल जम्मा व्यय** | **७५९०७५०००** | **७५ करोर ९५ लाख ७५ हजार** |
| | **कुल पुजीगत खर्च** | **३३५१७५०००** | |
| | **कुल चालु खर्च** | **४२३९०००००** | |
| | **जम्मा** | **७५९०७५०००** | |